बैठक संख्याः ४।२०८३

बैठक मितिः २०८३।२।१२ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आज मिति २०८३।२।१२ गते, मंगलवार बिहान ११:०० बजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जयराम खड्का | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरिलाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्का | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| आमन्त्रित एवं सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| २ | श्री कविता वस्नेत | लेखा अधिकृत | | |

बैठक संख्याः ४।२०८३

बैठक मितिः २०८३।२।१२ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |
| ४ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |
| ५ | श्री राम बहादुर कटुवाल | आ.ले.प अधिकृत | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं.१ : नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. प्रस्ताव नं.२ : कृषि विद्युतीकरण वडा नं.१ देखि वडा नं.११ भित्र योजना सम्वन्धमा ।

३. प्रस्ताव नं.३ : संघीय वित्तीय समानीकरण अनुदान कटौती सम्वन्धमा ।

४. प्रस्ताव नं.४ : योजना सञ्चालनको अवस्था सम्वन्धमा ।

५. प्रस्ताव नं.५ : गाईभैसी श्रोत केन्द्र कार्यक्रम संचालन सम्वन्धमा ।

६. प्रस्ताव नं.६ : योजना संशोधन सम्वन्धमा ।

७. प्रस्ताव नं.७ : जोखिम पूर्वानुमान र प्रभावमा आधारित नगद सहायता उपलब्ध गराउन

८. प्रस्ताव नं.८ : आर्थिक सहयोग सम्वन्धमा ।

९. प्रस्ताव नं. ९ : वडा नं.२को सुकुम्वासी टोलको खहरे खोलामा रहेको बाँध मर्मत सम्वन्धमा ।

१०. प्रस्ताव नं.१० : ट्रयाकटरको डाला थप्ने सम्वन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १**

ससकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको सम्वन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

मधेश प्रदेश सरकार, अर्थ मन्त्रालय, जनकपुरधाम, नेपालको प.सं.२०८२।०८३ च.नं.१०१३ मिति २०८३।२।८ गतेको पत्रवाट सशर्त अनुदानवाट चालु आ.व.२०८२।०८३ मा कृषि विद्युतीकरण वडा नं.१ देखि वडा नं.११ भित्र योजना संचालनको लागि वजेट रु.४००००००।- (चालिस लाख) विनियोजन भई प्राप्त हुन आएको व्यहोरा वैठक समक्ष जानकारी भयो ।उक्त वजेटवाट तपसिलको स्थानहरुमा सुख्खाग्रस्त क्षेत्रलाई प्राथमिकता दिई प्राविधिकवाट स्थलगत अनुगमन गरी कृषि विद्युतीकरणको कार्य संचालन गर्ने गरी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

बैठक संख्याः ४।२०८३

बैठक मितिः २०८३।२।१२ गते, समयः बिहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

तपसिल

१.वडा नं. २ मा उद्यमशील टोलमा नहर पारी डिहिबार टोल प्रदिप चौधरीको घर देखि मयुरनी खाता नदी सम्म र सिद्धिपुर चौरी र सुकुम्वासी टोल

२.वडा नं. ३ मा २ र ४ जोड्ने मझो चौरी र ३ नं. देखि ७ नं. तर्फ बाध जाने बाटो र पलार जाने बाटो

३.वडा नं. ४ मा घोरिङ्गखाली टोल पछाडीको चौरी र ढिक चौरी सम्म

४.वडा नं. ५ मा गौचरण देखि पुरानो पोखरी चौरीमा र गौचरण देखि उत्तर तर्फको चौरी

५.वडा नं. ६ मा मेगजिन चौरिया र वडा नं. ६ जाने मुल बाटो

६.वडा नं. ७ मा बनिगामा टोलको पैनी हुँदै पश्चिम पट्टी र पूर्व पट्टी

७.वडा नं. ८ मा पोखरी देखी पूर्व पट्टी र शिव मन्दिर देखी पूर्व आशा चौधरीको घर देखि पूर्व तर्फ वजरङ्गवलीको मन्दिर भन्दा पश्चिम तर्फ

८.वडा नं. ९ मा भदैया चौरीमा सूर्य नारायणको घर देखि दामोदरको घर हुँदै वडा नं. ६ को मेगजिन चौरिया मेला जाने बाटो र भोला साहको घर सम्म टप्पु तर्फ

९.वडा नं. १० मा वडा कार्यालयको मूल सडक देखि चौरी हुँदै अखुवनी टोल सम्म

१०.वडा नं. ११ मा कमल दहको पश्चिम दक्षिण तर्फको सरदारनी मन्दिर पश्चिम टोल देखि पश्चिम तर्फ

निर्णय नं. ३

महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौको च.नं.५६ मिति २०८३।२।५ गतेको श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु, सवैलाई सम्वोधन गरिएको पत्र मार्फत आर्थिक वर्ष २०८२।०८३ को चैत्र मसान्तसम्म वार्षिक लक्ष्यको तुलनामा ८४.११% मात्र राजश्व संकलन भएकोले चौथो त्रैमासिक किस्ता वापत विनियोजित रकमको २१.०२% (अर्थात कुल विनियोजित रकमको ९१.४५% मा नवढ्ने गरी) ले हुन आउने रकम प्रदेश तथा स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नु गराउनु हुन अनुरोध गरी पठाएको विषय पत्र वैठक समक्ष जानकारी भयो ।

निर्णय नं. ४

ससकोशी नगरपालिकावाट चालु आ.व. २०८२।०८३ मा हालसम्म सञ्चालन भएका र संचालन हुन बाँकी योजना/कार्यक्रमको सम्वन्धमा वैठक समक्ष पेश भई छलफल हुँदा निर्माण सामग्रीहरुको वजार मूल्य वृद्धिको कारणले सम्वन्धित वडाहरुवाट गठन भई आएका उपभोक्ता समितिहरुले योजनाको सम्झौता गर्न आनाकानी गर्ने गरेको र निर्माण व्यावसायीहरुले समेत

योजनाको कार्य गर्न अनुच्छुक रहेको अवस्था समेतलाई मध्यनजर गर्दा संचालन हुन बाँकी योजना/कार्यक्रमहरु २०८३ जेष्ठ २५ गतेसम्ममा सम्झौता गरी संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

ससकोशी नगरपालिकाको लागि चालु आ.व. २०८२।०८३ मा संघीय सरकारवाट हस्तान्तरित गाईभैसी श्रोत केन्द्र कार्यक्रममा वजेट रु.७०००००।– (सात लाख) विनियोजन भएकोमा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयवाट जारी भएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ वमोजिम गोठ सुधार कार्यक्रम संचालन गर्नेको लागि सूचना प्रकाशन गर्दा दुईवटा फार्म दादाजी कृष्णराम भैसी तथा गाई पशुपंक्षी फर्म, स.न.पा.-९ को ६ वटा भैसी, ६ वटा पाडापाडी र माँ कालीवन्दी गाई भैसी फार्म, स.न.पा.-९को ६ वटा भैसी, ६ वटा पाडापाडी मात्र गोठमा देखिएको भनि पशु शाखाका कर्मचारीहरुवाट प्रतिवेदन पेश हुन आएकोमा कार्यविधिले न्यूनतम १० वटा गाई भैसी पालेको हुनु पर्ने व्यवस्था वमोजिम नभएकोले पुन प्रस्ताव माग गर्ने निर्णयानुसार सूचना गरिएकोमा मानषि पशुपंक्षी पालन फर्म, स.न.पा.-२ वाट गाई गोठमा टिनको छाना लगाउने(ट्रस निर्माण )समेतको एक मात्र प्रस्ताव पेश हुन आएकोले पुनः तेस्रो पटक सात दिनको सूचना मार्फत प्रस्ताव आव्हान गर्दा समेत थप प्रस्तावहरु पेश हुन नआएकोले पुनः चौथो पटक सात दिनको सूचना मार्फत प्रस्ताव आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

ससकोशी नगरपालिकाको चालु आ.व.२०८२।०८३ को लागि सोहौं नगर सभावाट नगर गौरवको योजना सहिद स्मृति रंगशाला मञ्च निर्माण, वडा नं.१ को लागि वजेट रु.१००००००।-विनियोजन भएकोमा मधेश प्रदेश सरकारवाट सोही योजना फत्तेपुर रंगशालामा मञ्च, प्यारापिट निर्माण तथा लाईट जडान वडा नं.१ को लागि समपुरक अनुदान अन्तर्गत वजेट रु.३००००००।– विनियोजन भई प्राप्त हुन आएको र नगरपालिकाको लागत साझेदारी वजेट रु.२००००००।– गरी जम्मा वजेट रु.५००००००।-वाट उक्त योजनाको ठेक्का समेत आव्हान भएको र वडा नं.१ को कार्यालयको च.नं.९२३ मिति २०८३।२।६ गतेको पत्रसाथ वडा समितिको सिफारिस संलग्न राखी सोहौं नगर सभावाट नगर सहिद स्मृति रंगशाला मञ्च निर्माण, वडा नं.१ को लागि विनियोजित वजेट रु.१००००००।-वाट सन्तोष खतिवडाको घर अगाडिवाट मन्टेश्वरी वोर्डिङ्गको गेटसम्म जाने वाटोमा RCC ढलान योजना निर्माण, वडा नं.१ गरी दिनको लागि अनुरोध भई आएको र एकै योजनामा दोहोरो वजेट पर्न गएकोले आगामी नगर सभावाट अनुमोदन हुने गरी सोही वमोजिमको सन्तोष खतिवडाको घर अगाडिवाट मन्टेश्वरी वोर्डिङ्गको गेटसम्म जाने वाटोमा RCC ढलान योजना निर्माण गर्ने निर्णय गरियो ।साथै,

बैठक संख्याः ४।२०८३

बैठक मितिः २०८३।२।१२ गते, समयः विहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

ससकोशी नगरपालिकाको चालु आ.व.२०८२।०८३ को लागि पन्ध्रौं र सोह्रौं नगर सभावाट वजेट विनियोजन भएका निम्न योजनाहरु आगामी नगर सभावाट अनुमोदन हुने गरी संशोधन गरी कार्यान्वयन/संचालन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | पन्ध्रौं नगर सभावाट वजेट विनियोजन भएका योजनाको नाम ठेगाना र वजेट | | संशोधित योजनाको नाम ठेगाना र वजेट | | कैफियत |
|---|---|---|---|---|---|
| | योजनाको नाम ठेगाना | वजेट रु. | योजनाको नाम ठेगाना | वजेट रु. | |
| १ | गणेश कटुवालको घर देखि लक्षमण घिमिरेको घरसम्म RCC ढलान वडा नं.३ | ४०००००।- | विष्णु चौधरीको घर देखि राम नारायण चौधरीको घरसम्म RCC ढलान वडा नं.३ | ४०००००।- | व्यक्ति विशेषको जग्गा परी कार्य गर्न असहज भएकोले |
| सि.नं. | सोह्रौं नगर सभावाट वजेट विनियोजन भएका योजनाको नाम ठेगाना र वजेट | | संशोधित योजनाको नाम ठेगाना र वजेट | | कैफियत |
| | योजनाको नाम ठेगाना | वजेट रु. | योजनाको नाम ठेगाना | वजेट रु. | |
| १ | कमलपुर चोक देखि सन्तपुर जाने नहरको वाटोमा ग्राभेल वडा नं.१० | ५०००००।- | आशा मंण्डल घर नजिक टहरा निर्माण, वडा कार्यालयमा पार्किङ्गस्थल निर्माण, दिनु मलाहाको घर देखि सन्तपुरसम्मको वाटो मर्मत वडा नं.१० | ७०००००।- | योजना संचालनमा स्थानीय अवरोध भएकोले |
| २ | सूर्यनारायण खडगाको घर देखि नटाई माझिको घरसम्म नाला निर्माण वडा नं.१० | २०००००।- | | | |

<u>निर्णय नं. ७</u>

UNICEF लगायतका सरकारी तथा गैर सरकारी संघ/संस्थाहरुवाट ससकोशी नगरपालिका अन्तर्गत वसोवास गर्ने नागरिकहरुलाई मनसुनवाट सिर्जना हुन सक्ने वाढीजन्य विपदको समयमा विपद पूर्व सूचना प्रणालीका आधारमा आर्थिक रुपले विपन्न घरपरिवार तथा संकटासन्न व्यक्तिको

५/६

घरपरिवारलाई जोखिम न्यूनिकरण सम्वन्धी पूर्वतयारीका उपाय अवलम्वन गरी विपदको सम्भावित असर न्यूनिकरणका लागि जोखिम पूर्वानुमान र प्रभावमा आधारित नगद सहायता उपलव्ध गराउन विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ वमोजिमका लक्षित लाभग्राहीको पहिचान गरी विवरण उपलव्ध गराउन यस अघि वडाहरुमा पत्राचार भएकोमा हालसम्म विवरण प्राप्त हुन नआएकोले सवै वडाहरुले शिघ्र विवरण उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

ससकोशी नगरपालिकामा बसोवास गर्ने व्यक्तिं / संघसंस्थालाई स्वास्थ्य उपचार खर्च/ विपद राहत/ काज क्रिया सहयोग/ खेलकुद सहयोग/परम्परागत पुजा सहयोग वापत चालु आ.व. २०८२।०८३ मा आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येवाट निम्नानुसारको राहात सहायता रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्वन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम/जिन्सी |
|---|---|---|---|---|
| १ | विष्ण कुमार राई/वडा नं. ४ | छोरी सुहानीको उपचार सहयोग | | रु.३०,०००।- |

निर्णय नं. ९

ससकोशी नगरपालिका अन्तर्गत वडा नं.२ स्थित सुकुम्वासी टोलको खहरे खोलामा रहेको वाँध मर्मत गर्न प्राविधिक लागत अनुमान रु.२००००००।– पेश हुन आएकोमा आ.व.२०८२।०८३ को विपद व्यवस्थापन शिर्षकमा विनियोजित वजेट मध्ये हाललाई रु.७०००००।-वाट उक्त वाँध मर्मतको कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

चालु आ.व.२०८२।०८३ को लागि मेशिन खरीद शिर्षकमा विनियोजित वजेट मध्येवाट ससकोशी नगरपालिकाको ट्र्याकटरको डाला थप गर्ने निर्णय गरियो ।